प्र चा र वि भा ग

# पूर्व–पश्चिम राजमार्ग र

## हाम्रो कर्त्तव्य

Double

# पूर्व-पश्चिम राजमार्ग
र
# हाम्रो कर्त्तव्य

श्री ५ को सरकार,
पञ्चायत मन्त्रालय
प्रचार विभाग ।

पहिलो पटक १५,०००
**वि. सं. २०२०**
**" क " श्रेणी**

मुद्रक–
श्री ५ को सरकारको छापाखाना
काठमाडौं, नेपाल ।

# पूर्व-पश्चिम राजमार्ग र हाम्रो कर्त्तव्य

**"मेचीदेखि महाकालीसम्मको उन्नति र अवनतिमा नै हामी प्रत्येक नेपालीको सुख–दुःख निर्भर गर्दछ। यस सत्यलाई हामीले कदापि बिर्सनु हुन्न।"**

**–श्री ५ महेन्द्र।**

**जु**नसुकै पनि देशको सर्वतोमुखी समुन्नतिका लागि सर्वप्रथम त्यहाँ देश, काल, परिस्थिति एवं जनभावनाको अनुकूल राजनीतिक व्यवस्था हुनु नितान्त जरूरी हुन्छ। त्यसपछि विकासको पहिलो चरणमै आवश्यकता पर्दछ– विस्तृत यातायातको सुव्यवस्था। यिनीहरूको अभावमा देशको प्रगति त्यसै जिंग्रिइन्छ, चाउरिन्छ। यस तथ्यलाई हाम्रो देशको इतिहासले पनि छर्लङ्ग्याइदिन्छ, किनकि हाम्रो देश आजसम्म जति विकसित हुनु पर्ने हो त्यति नहुनाका कतिपय कारणहरूमा उपयुक्त राजनीतिक व्यवस्था र सुगम

तथा सहज यातायातका अभावहरू नै प्रमुख कारणहरू हुन्।

**उपयुक्त राजनीतिक व्यवस्था**

आज हामी राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको कुशल, सुकिलो एवं प्रगतिशील नेतृत्वमा हाम्रै हावा–पानी, मलजलमा सजिलैसंग हुर्कन सक्ने तथा बदलिएको आधुनिक युगलाई समेत सुहाउने नेपालीत्व व्याप्त पञ्चायती प्रजातान्त्रिक व्यवस्थाको माध्यमद्वारा चौतर्फी प्रगतिपथमा लम्किएर अगाडि बढिरहेका छौं। माथिबाट लादिएको संसदीय प्रजातान्त्रिक व्यवस्था देशको निमित्त अनुभवबाट अफाप सिद्ध भएकोले प्रजातन्त्रको जग तलबाटै बलियो र दरिलो तुल्याउँदै लैजान अपनाइएको यो व्यवस्थाले यति थोरै समयमै जनतामा ल्याएको चेतनशीलता तथा जगाएको राष्ट्रिय भावनाबाट नै यसको उपयुक्तता स्पष्टतया प्रतीत हुन्छ। नेपाली इतिहासको माँगले ल्याएको, देश, काल, परिस्थिति, जनमनोभावना, परम्परा, संस्कृति सुहाउँदो एवं विकासोन्मुख नेपालको आकांक्षाको अनुरूप यो व्यवस्था प्राचीन आदर्शवादमा आधारित भएर पनि वर्तमान युगको चुनौतीको सामना गर्न सक्ने

शक्ति–सामर्थ्यले परिपूर्ण छ । शक्तिविकेन्द्रीकरणको सिद्धान्तमा पूर्णतया आधारित यस व्यवस्थाको मुख्य उद्देश्य नै यथाशक्य बढी जनतालाई शासनमा शरिक गराउनु, सबैलाई उन्नतिको समान अवसर प्रदान गरी छरिएको सृजनात्मक जनशक्तिलाई सङ्गालेर देशविकासकार्यमा सदुपयोग गर्नु र कुनै राजनीतिक या सामाजिक दल वा व्यक्तिद्वारा जनताको कुनै प्रकारको शोषण एवं दमन हुन नदिनु हो ।

पञ्चायती व्यवस्थाको महत्त्व तथा उद्देश्यबारे श्री ५ महाराजाधिराजबाट हुकूम भएका केही महान् वाणीहरू यहाँ उद्धृत गर्नु पनि उति अप्रासांगिक न होला ।

"देशको सार्वभौमिकता, स्वतन्त्रता, संस्कृति र परम्पराको पुस्तैनी गौरवलाई अक्षुण्ण कायम राखी दलविहीन, स्वस्थ, स्वच्छ, समुन्नत, संघर्षरहित तथा शोषणरहित समाजको सृजना गर्नु नै पञ्चायती व्यवस्थाको मूल सार, मुख्य उद्देश्य हो ।"

"जनआकांक्षाको सर्वोच्चता, व्यक्तिगत स्वतन्त्रता, आर्थिक स्वतन्त्रता, कानूनी र राजनीतिक समानता तथा समान अवसर नै यो व्यवस्थाका मुख्य तथ्यहरू मानिन्छन् ।"

"पञ्चायती व्यवस्था कुनै व्यक्तिको दान होइन, यो त नेपालको भौतिक र अरू अवस्थाको कारण इतिहासले निर्णय गरेको व्यवस्था हो ।"

"पञ्चायती पद्धति कोरा पद्धति मात्र होइन, यसले एक व्यापक आर्थिक, राजनीतिक र सामाजिक व्यवस्थालाई जनाउँछ ।"

"अहिलेको पञ्चायती व्यवस्थामा........ 'पहिले सेवा गर अनि स्वभावतः शक्ति पाइन्छ र आफ्नो खुट्टामा आफैं उभिने गर' भन्ने सिद्धान्तलाई फुक्का भई खेल्न दिइएको छ ।"

"यो व्यवस्था अधिनायकवादी होइन, किनकि अधिनायकवादमा हिंसालाई मान्यता दिइन्छ तथा सम्पूर्ण सत्तावादलाई प्रश्रय दिइन्छ ।"

"पञ्चायती व्यवस्था प्रशासन र विकासको व्यवस्था मात्र होइन, यो नेपाली जीवनको विश्वास, व्यवहार, नीति र दर्शन पनि भएको छ ।"

यस प्रकार मौसूफबाट प्रत्येक नेपालीको जीवनको एकमात्र मूल बाटो अर्थात् उपयुक्त राजनीतिक व्यवस्था– पञ्चायती प्रजातान्त्रिक व्यवस्था अपनाइबक्सेर शक्ति र लोकसम्मतिमा आधारित हाम्रो राजनीतिक पद्धतिलाई बलियो टेवा बक्सिएको छ ।

**सुगम–सहज यातायात**

माथि चर्चा गरिए झैं देशको ठोस विकासका लागि अत्यावश्यक सर्वप्रथम समुचित राजनीतिक व्यवस्थापछि लगत्तै विकासकार्यक्रमको प्रारम्भमा नै विस्तृत रूपमा यातायातको विकास निहायत जरूरी छ ।

सुगम र सहज यातायात नै प्रत्येक देशको अभ्युदय, उन्नति र प्रगतिको मुहान हो; जसको अभावमा कुनै पनि देशको सर्वाङ्गीण विकास असम्भव मात्र हुने होइन, हुनै सक्तन; किनकि देशव्यापी यातायातको विस्तारविना न देशमा शिक्षाको प्रचार-प्रसार गर्न सकिन्छ, न जनतामा स्वच्छ, स्वस्थ एवं सवल राष्ट्रिय भावनाको जागरण हुन्छ, न पारस्परिक सम्बन्धको वृद्धि तथा विचार–विमर्श हुन सक्छ, न औद्योगिक, आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक एवं व्यापारिक विकास हुन्छ । फलस्वरूप सबै क्षेत्रको प्रगति अवरुद्ध हुन जान्छ । अतएव कुनै देशको चौतर्फी विकास गर्ने हो भने सबभन्दा पहिले त्यस देशमा व्यापक रूपमा यातायातको विस्तार र सुप्रबन्ध गर्नु पर्दछ । राम्रो यातायातको व्यवस्था भएमा प्रत्येक क्षेत्रको उन्नतिमा उत्तरोत्तर गतिशीलता ल्याउन

कत्ति बेर लाग्दैन अर्थात् प्रगतिका मूलद्वारहरू खुल्दछन् । होइन भने जतिसुकै सैद्धान्तिक नाराहरू जतिसुकै ठूलो स्वरमा फलाके पनि देशोन्नतिको सपना केवल सपनै र कल्पना केवल कल्पनै मात्र रहन जान्छ । यसमा कुनै विवाद र मतान्तर अवश्य हुन सक्तैन ! आधुनिक संसारका पूर्ण विकसित देशहरूका इतिहासका पानाहरूले पनि हामीलाई यिनै कुरा भन्दछन् अर्थात् उनीहरूले पनि आफ्नो देशविकासको प्रारम्भमा नै आफ्नो यथाधिक शक्ति देशव्यापी सहज तथा सुगम यातायातको विस्तारमा लगाएका थिए । देशमा एक कुनाबाट अर्को कुनासम्म राम्रा बाटा-घाटाहरू भएनन् भने द्रुतोन्नतिका निमित्त अत्यावश्यक राष्ट्रिय भावनाले निथ्रुक्क भिजेको चेतनशील जनबल तथा अन्य विकासकार्यहरूको सुसञ्चालन आशा गर्न सकिन्न भन्ने वास्तविकतादेखि उनीहरू पूर्ण अवगत थिए । तसर्थ यो निर्विवाद छ कि कुनै पनि देशको उन्नत अवस्था त्यस देशको यातायातको व्यवस्थाबाट नै सजिलैसित अनुमान गर्न सकिन्छ ।

यातायातको महत्त्व बारे श्री ५ महाराजाधिराजबाट हुकूम भएका केही महान् वाणीहरू तल दिइएका छन्ः—

"यातायात नै देशको मुख्य उन्नति र प्रगतिको मुहान हो।"

"कहिले काहीं हामीलाई हाल राम्रो बाटोघाटोको कमीले नै गर्दा आफ्ना नाता–कुटुम्बहरू, साथी–भाइहरू र आफ्ना दाजु-भाइ, दिदी-बहिनीहरू-संग पनि आफ्नै देश भित्रबाट हिंडी भेटघाट गर्न मुश्कीलको अनुभव हुन्छ। परस्पर स्नेह नभई एकताको भावना आउँदैन र परस्पर भेटघाट, कुराकानी नभएमा परस्पर स्नेह बढ्न पाउँदैन। यसरी हाम्रो मुलुकको लागि ज्यादै आवश्यक भएको सबै धर्मका, सबै वर्गका नेपालीहरूको राष्ट्रप्रेम, राष्ट्रिय एकताको भावना मुलुकका प्रत्येक भागलाई मजबूतसंग जोड्ने बाटो–घाटोमा आधारित हुन्छ। बाटो-घाटो जति मजबूत भयो उति नै उन्नतिको ताजा र पोसिलो हावा हाम्रो राष्ट्रमा निस्फिक्रीसंग सञ्चार गर्न पाई यस राष्ट्रको अंग–प्रत्यंग भएका देशका सबै भाग हृष्टपुष्ट हुन जाने हुन्छ।"

"यातायातको सुबिधा भएमा परस्पर मद्दत गरी दुःख–सुख बाँडी देशभर कलेज, अस्पताल, कल–कारखाना, पुल, नहर इत्यादि फिजाई मानवोचित हकको भोग गरी कर्त्तव्यको पालन गरी विश्वभर नेपाली

**मात्रको अझै बढी शिर ठाडो पार्न हामी पनि अवश्य समर्थ हुनेछौं । यही नै मेरो जीवनको एक मात्र लक्ष्य पनि हो ।"**

त्यसमा पनि हाम्रो जस्तो कुनै सामुद्रिक निकास नभएको तथा चारैतिर जमीनै जमीनले घेरिई डाँडा, पहाड, खोला–नालाहरूले भरपूर भएको देशको छिटछिटो उन्नतिका लागि त एक ठाउँबाट अर्को ठाउँमा जान र मालसामान ओसार–पसार गर्न सजिलैसंग सकिने ठूलठूला बाटोहरूको झन् आवश्यकता पर्दछ । आकाश-मार्गको आवागमन एक त ज्यादै खर्चिलो हुन्छ, अर्को सबै ठाउँमा हुन पनि सक्तैन । तसर्थ यस्तो कुनै पनि देशको सर्वाङ्गीण निर्माणका निमित्त सकेसम्म चाँडो सुव्यवस्थित यातायातकै विस्तार गर्नु पर्दछ । अरू कुराबाट हुन सक्तैन ।

**बाटो नबन्नाको कारण**

एकसय चार वर्षसम्म हाम्रो देशमा एकतन्त्री पारिवारिक राणाशासनकाल थियो । त्यसबेला देशमा कुनै बाटो बनेन, किनकि राणाहरू सकेसम्म जनतालाई अशिक्षित र अबोधै बनाएर राख्न चाहन्थे । जनता चेतनशील, शिक्षित एवं प्रवुद्ध भए भने हाम्रो उछितो चाँडै हुनेछ भन्ने उनीहरूको दृढ धारणा

थियो । बूढापाकाहरूले भनेको सुनिन्छ कि त्रि–चन्द्र कलेज भवनको शिलान्यास भएको दिन तत्कालीन राणा प्रधानमन्त्री श्री चन्द्रशमशेरले दरबारमा आफ्ना भाइ-छोराहरूका सामुन्ने "हामीले हाम्रो खुट्टामा आफैं बञ्चरो हान्यौं" भनेका थिए रे । त्यसो हुँदा देशका ठाउँ ठाउँमा बाटोहरू बनाएर केन्द्रका जनतालाई बाहिरी गतिविधिसंग परिचित गराउनु तथा तराई-पहाडका जनतालाई केन्द्रका जनताको सम्पर्कमा आउन दिनु र विभिन्न स्थानहरूमा शिक्षालयहरू खोली जनतालाई चेतनशील बनाउनु उनीहरूको सिद्धान्तको विलकुल विपरीत थियो । राणाहरू जनता अपठितै रहून्, बाहिरी जगत्को गतिविधिसंग उनीहरू पूर्णतया अपरिचित हुन्, उनीहरूको बौद्धिक, सामाजिक एवं आर्थिक विकास नहोस् भन्ने चाहन्थे र आफ्नो उद्देश्यप्राप्तिको लागि प्रतिपल उनीहरू त्यसैतर्फ दत्तचित्त रहन्थे । तसर्थ बाटोहरू बनाई आवत-जावतको सुबिधाको व्यवस्था गर्ने, शिक्षाको प्रचार-प्रसार गर्ने आदि जनबुद्धिविकासकार्यहरू ठप थिए ।

२००७ सालपछि पनि विभिन्न पार्टीहरूका विविध सरकारहरू बने, परन्तु बाटो-घाटो बनाउनेतर्फ

कसैले विशेष ध्यान दिएन । फलस्वरूप प्रजातन्त्रको दश वर्षसम्म पनि हाम्रो देश विकासपथमा द्रुतगतिले अघि बढ्न सकेन ।

यिनै सबै कुराहरू महसूस गरिबक्सेर देश तथा जनहितका लागि प्रतिपल प्रयत्नशील राष्ट्रनायक श्रीं ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट २०१८ साल मार्ग ३ गते पोखरामा पार्थी बाँधको उद्घाटनको अवसरमा "पूर्व–पश्चिम राजमार्ग" को निर्माणका लागि आह्वान गरिबक्सियो ।

हाम्रो जस्तो भौगोलिक स्थिति भएको विकासोन्मुख देशको लागि यो राजमार्गको कति महत्त्व छ र यसबाट देशलाई के-कति फाइदा हुनेछ भन्ने कुराको चर्चा गरिबक्सिंदै श्री ५ महाराजाधिराजबाट बराबर हुकूम भएका केही महान् वाणीहरू यहाँ उद्धृत गरिएका छन्:-

"पूर्व-पश्चिम राजमार्गको महत्त्व-उपादेयता"

"नेपालीको मेहनतले बन्न लागेको पूर्व-पश्चिमको बाटो सञ्चारको विकसित व्यवस्था र आवागमनका द्रुततर साधनले हाम्रो देशको दूरी साँघुरिंदै छ । राजधानीबाट मेची र महाकालीको फासला केही दिनको मात्र होइनन्, केही घण्टाका मात्र रहनेछन् ।"

"हाम्रो सबभन्दा ठूलो पूंजी आफ्नै पुरुषार्थ र जनबल हो, आफ्नै जनबलको आडमा हामीले आफ्नो भविष्य बनाउनु परेको छ। यही कुराको ख्याल राखी मैले पूर्व–पश्चिम राजमार्ग बनाउनको निमित्त आह्वान गरेको छु। मलाई विश्वास छ, नेपाली जनताले यसलाई युगको चुनौतीको रूपमा लिनेछन् र सफलता-साथ यसको मुकाबिला गर्नेछन्। यसको निमित्त मेरो आह्वानले जनतामा निर्माणको निमित्त जोश र प्रेरणा उत्पन्न गरी नयाँ उत्साह र सहयोगको भाव बढाई नेपाली राष्ट्रको धेरै दिनदेखिको यो एउटा ठूलो खांचो पूरा गर्नेछ। यस किसिमको राजमार्गको फाइदाबारे मैले यहां भनिरहनु पर्दैन। यही देशमा बसेर पनि यातायातको असुबिधाले र भौगोलिक स्थितिले गर्दा अलग अलग जस्ता भएका हामी नेपालीहरूमा पारस्परिक जानपहिचान र सम्पर्क बढाएर व्यापार, उद्योग-धन्धाको उन्नतिको निमित्त र अरू सामूहिक विकासको निमित्त पनि साधन सुलभ तुल्याई यो बाटोले राष्ट्रिय एकता र राष्ट्रनिर्माणलाई बलियो टेवा दिनेछ। मलाई विश्वासछ,यो बाटोले हाम्रो राष्ट्रको आर्थिकव्यवस्थामा नयाँ रक्तको सञ्चार गराई यथासमयमा हाम्रो उद्योग तथा वाणिज्यको यो एउटा महास्नायु बन्न जानेछ।"

"यो बाटो बनेपछि हामी देशभर फिंजिएका नेपालीलाई परस्पर मिलजुल गर्न, एकले अर्कोलाई सघाउन र अन्न, व्यापार, शिक्षा आदि विषयका सबै समस्याहरू सुल्झाउन धेरै सहायता मिल्नेछ।"

"आर्थिक उन्नतिको दृष्टिले पनि यो बाटोको उत्तिकै ठूलो महत्त्व छ। हाम्रो मुलुकका कुनै भागमा अन्न बढी छ र कुनै भागमा कम छ, कुनै भागमा शिक्षक, इन्जिनियर, डाक्टर, वैद्य, मालसामान आदि चाहिएभन्दा ज्यादा र कुनै भागमा चाहिएभन्दा कम छन्। यो "पूर्व-पश्चिम" बाटो बनिसकेपछि कुन भागमा ज्यादा छ, त्यहाँ जति अन्न, कपडा, मालसामान चाहिन्छ त्यति मात्र राखी जुन भागमा कम छ त्यहाँ चाहिए जति पुर्‍याउने बन्दोवस्त मिलाउन सजिलोसंग सकिने हुन्छ।.. ................. यसै कारणले मैले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपालीहरूमा मयालु सम्पर्क बढाउने हाम्रो सर्वाङ्गीण उन्नतिको राजमार्ग हुन सक्ने "पूर्व–पश्चिम" बाटोको निर्माणमा यत्तिको जोड दिएको हुँ।"

"नेपाल र नेपाली मात्रको कल्याणको निमित्त अत्यावश्यक सम्झी मैले आह्वान गरे अनुसार देशका र देशबाहिर बसेका बाल–वृद्ध, धनी, गरीब नेपालीहरू-

**बाट 'पूर्व–पश्चिम' बाटोको निमित्त सहयोग र सहायता पाइआइरहेको देख्ता सबै देशप्रेमीहरूलाई जस्तै मलाई पनि अत्यन्त हर्ष लागेको छ ।"**

श्री ५ महाराजाधिराजका माथि उल्लिखित महान् वाणीहरूबाट यो "पूर्व–पश्चिम राजमार्ग" हाम्रो देशको ठोस विकासका लागि कत्तिको आवश्यक र अनिवार्य छ भन्ने कुरा जो कोहीलाई पनि स्पष्ट हुन्छ ।

**देशको वर्तमान स्थिति**

आज पनि हाम्रो देशमा समुचित यातायातको व्यवस्था अर्थात् आवश्यक बाटोहरूको अभावले गर्दा विकास-कार्यहरू देशव्यापी रूपमा एकै रफ्तारले अघि बढाउन सकिएको छैन । साथै शुरू गरिएका कतिपय कार्यहरूमा पनि गतिशीलता ल्याउन सकिएको छैन। न सबै ठाउँमा स्कूल, पाठशाला, कलेजहरूको स्थापना गर्न सकिएको छ, न जनस्वास्थ्यको संवर्द्धनका निमित्त अस्पताल, स्वास्थ्य केन्द्रहरू खोल्न सकिएको छ । कैयौं नदीहरू बिनाउपयोग त्यसै खेर गइरहेका छन् । खनिज पदार्थहरूको भण्डार भएर पनि हामीले कैयौं खानीहरू पत्ता लगाउन सकेका छैनौं र पत्ता लागेका खानी-हरूमा पनि आवश्यक उपकरणहरू पुऱ्याएर जोड-

तोडले काम सञ्चालन गर्न सकेका छैनौं । कैयौं स्थानहरूमा बहुमूल्य कच्चा पदार्थहरू त्यसै नाश भइरहेका छन् तर तिनको सदुपयोग गर्न सकिएको छैन । एउटै मातृभूमिको सन्तान भएर पनि हामी देशवासीहरू अलग अलग जस्ता भएका छौं । न हामीहरूमा पारस्परिक सम्पर्क छ, न जान-पहिचान । आफ्नै देशभित्र पनि हामी आफ्ना दाजु-भाइ, दिदी-बहिनी, कुल-कुटुम्ब, नातेदार, इष्टमित्रहरूसंग भनेको समयमा भेटघाट गर्न सक्तैनौं । यतिमात्र होइन, आफ्नै देशको अर्को कुनै भागमा जान पनि हामीलाई विदेशी भूमिको शरण लिनुपर्छ । कोही बिरामी भयो भने न हामी समयमा चिट्ठी पत्र पाउँछौं । बेलायत, रूस, अमेरिका, चीन जानु पर्दा हामी खुशी हुन्छौं तर आफ्नै देशको कुनै स्थानमा भनौं जस्तो पोखरा, जुम्ला, डोटी, दैलेख जानुपऱ्यो भने विकट बाटो सम्झँदा हामी अत्तालिन्छौं, आँत्तिन्छौं र गयौं भने पनि हजारौं लाखौं कोस परका सुदूर विदेशमा पुगेर केही दिन बसी फर्कंदा पनि हामी आफ्नो निर्दिष्ट स्थानमा पुग्न सक्तैनौं ।

त्यस्तै सुव्यवस्थित यातायातको अभावले गर्दा हाम्रो आर्थिक विकासमा पनि ठूलो तगारो लागेको

छ । हाम्रो देशमा धान, मकै, कोदो, फापर, भटमास, बोडी, मास, तेल, घिउ, मुंगी, सागपात आदि कृषि-उत्पादनहरू पर्याप्त मात्रामा हुन्छन् तर सर्वत्र सन्तुलित मात्रामा नहुने भएकोले कतै छ्यास्‌छ्यास्ती हुन्छ, कतै राम्ररी खान पाउँदैनन् । कतै फलफूल कुहिन्छ, कतै सुंघ्न पाइन्न । कतै तरकारी-तरकारीले पेट भर्दछन् कतै त्यही तरकारीको ठूलो अभाव हुन्छ । ठाउँ-ठाउँमा कृषिउत्पादनहरू बढ्ता भएर कम मोलमा विदेशतर्फ निकासी गरिन्छन् तर अभाव क्षेत्रहरूमा ल्याउन सकिन्न र पछि तिनै चीज-बीजहरू बढी मोल तिरेर विदेशबाट ल्याई हामीलाई खानुपर्छ ।

यसरी धनधान्यपूर्ण भएर पनि आज केवल देशव्यापी बाटो-घाटो नहुनाले हामीले ठूलो कष्ट भोगिरहनु परेको छ । आवश्यक ठाउँहरूमा स्कूल–पाठशालाहरू खोली शिक्षाको प्रचार– प्रसार गर्न नसकिएको हुँदा जनतामा चेतनशीलता एवं राष्ट्रियता जति विकसित हुनु पर्ने हो त्यति विकसित हुन सकेको छैन; अस्पताल एवं स्वास्थ्य केन्द्रहरूको अभावमा पूर्णरूपले जनताको स्वास्थ्य संवर्द्धन गर्न सकिएको छैन; उपयुक्त ठाउँहरूमा उद्योगधन्धाहरू विस्तार गर्न न सकिएको तथा खाद्यान्नहरू कम मूल्यमा विदेश

निकासी गरी पुनः बढी मूल्यमा पैठारी गर्नु परेको र कच्चा पदार्थ, जडीबूटी तथा खानीहरूको समयोचित उपयोग गर्न नसकिएको हुँदा आर्थिक एवं व्यापारिक विकास कुण्ठित भइरहेको छ, पारस्परिक सम्पर्क एवं विचार-विमर्शको अभावमा एकता र स्नेह फक्क फक्रिन पाएको छैन, जनतामा अन्धविश्वास र अन्धपरम्परा अझै बाँकी छ, न सामाजिक विकास त्यति मात्रामा हुन सकेको छ न साँस्कृतिक । यस किसिमको स्थिति आज देशमा छ ।

**नेपाली परम्परागत इतिहास**

नेपाली जाति विश्वप्रसिद्ध वीर जाति हो । यस जातिको वीरतालाई यसका शत्रु–मित्रु दुवैले पुरातन कालदेखि हृदयतः प्रशंसा गर्दछन् । यो जाति आफ्ना मित्रहरूको लागि आवश्यक समयमा चाहिएको योगदान दिन कहिल्यै पछि परेको छैन र पर्ने पनि छैन । साथै दुश्मनहरूको डटेर सामना गर्न पनि यो जातिले आफ्नो इतिहासबाट शिक्षा लिएको छ । नेपालीहरू चाहिने कुरामा कसैसंग डराउँदैनन् र नचाहिने कुरामा कसैसंग झगडा पनि गर्दैनन् । यिनीहरू सबैसंग मैत्री चाहन्छन् र विश्वभ्रातृत्वका पक्षपाती छन् । देशको सार्वभौमिकता, स्वतन्त्रता, गौरव र प्रतिष्ठाको लागि

नेपालीहरू आत्मबलिदानसम्म दिन संधै तयार रहन्छन् । यो हो – नेपालीहरूको परम्परागत इतिहास र गौरव । यस कुरालाई विश्वले नै बुझेको छ र बुझ्नु पनि पर्दछ ।

अतएव श्री ५ महाराजाधिराजबाट "पूर्व–पश्चिम राजमार्ग" को निर्माणका लागि आह्वान गरिबक्सना साथ सोही परम्परानुसार नेपालीहरूले देशको सर्वतोमुखी विकास र जनताको चौतर्फी भलाइका लागि मौसूफबाट उठाइबक्सेको एक महान् खँदिलो कदम–शाही आह्वान–को हृदयत: सहर्ष स्वागत गरी त्यसलाई यथाशक्य चाँडो सफलीभूत पार्न कटिवद्ध भएर सो महान् यज्ञको काम सम्पन्न नभए-सम्म आरामसंग नबस्ने प्रतिज्ञा पनि गरे । फलस्वरूप नेपाल अधिराज्यका सुदूर–सुदूर कुनाबाट समेत धमाधम आर्थिक सहयोगको खोलो लाग्न थाल्यो र आजसम्म पनि लाग्दैछ । यो राजमार्ग निर्माणका लागि धनी वर्गले मात्र होइन, आर्थिक स्थिति कमजोर भएकाहरूले पनि आफ्नो गच्छे अनुसार चन्दा प्रदान गर्दैछन् । कसैले गाँस काटी, कसैले छाक छोडी, कसैले अम्मल त्यागी, ज्यालादारले ज्यालाबाट कटाई, सामाजिक संस्थाहरूले अनेक कार्यक्रमहरूको आयो-

जनाद्वारा, छात्र–छात्राहरूले आफ्नो दैनिक खाजा खाने रकमबाट रुपैयाँ बटुली यथाशक्य आर्थिक सहयोग गरेका छन् । यसबाट नेपालीहरूमा प्रायशः अझै गरीब भए तापनि परेको बेलामा पछि हट्दैनन् भन्ने कुरा स्पष्ट हुन्छ । यसका अतिरिक्त प्रत्येक जनताले महान् उल्लास, उत्साह, उमंग, जोश र परिश्रमका साथ आफ्नो जिल्लामा पर्ने सो "पूर्व–पश्चिम राजमार्ग" को भागको निर्माणमा पनि श्रमदान दिंदैछन् र निर्माणकार्य जोडतोडका साथ भइरहेको छ । कति ठाउँहरूमा त निर्माणकार्य समाप्त प्रायः र समाप्त पनि भइसकेको छ । यो राजमार्ग बनाउने काममा सहयोग–सहायता प्रदान गर्न जिल्ला–जिल्लामा "पूर्व–पश्चिम राजमार्ग निर्माण सहयोग समितिहरू" र ती समितिहरूका अन्तर्गत उप–समितिहरू पनि गठन गरिइएका छन् । यो हो– राष्ट्रिय एकताका प्रतीक सर्वोच्च शासक राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवप्रति जनताको अगाध आस्था, अपार श्रद्धा, अटल विश्वास र अपरिमीत भक्तिको समुज्ज्वल परिचय । आजसम्म पच्चीस लाख रुपैयाँ जति चन्दा संकलन भइसकेको छ र चन्दा बटुल्ने काम अझै जनताद्वारा पूरा मात्रामा शुरू भइरहेको छ ।

श्री ५ को सरकारको तर्फबाट पनि यो राजमार्ग बनाउने काम यथाशीघ्र पूर्ण गर्न तदारुखताका साथ काम भइरहेको छ । ६२२ माइल लामो यो राजमार्गको निर्माणकार्यलाई निम्नलिखित पाँच मुख्य डिभिजन अन्तर्गत विभाजित गरिएको छः–

(१) विराटनगर डिभिजनः– मेचीदेखि कमलासम्म १५० माइल ।

(२) जनकपुर डिभिजनः– कमलादेखि आदावारसम्म ८० माइल ।

(३) बुटवल डिभिजनः– नारायणीदेखि राप्तीसम्म १२० माइल,

(४) नेपालगञ्ज डिभिजनः– राप्तीदेखि कर्णालीसम्म १२० माइल र

(५) धनगढी डिभिजन – कर्णालीदेखि महाकालीसम्म ८० माइल ।

माथिका पाँच डिभिजनहरू अन्तर्गत अन्य विभिन्न आठ (८) सब डिभिजनहरू पनि छन् । ती सब डिभिजनहरू यसप्रकार छन्ः–

विराटनगर डिभिजन अन्तर्गत

(क) मेचीदेखि कोशीसम्म ७० माइल– मेची सब-डिभिजन ।

(ख) कोशीदेखि कमलासम्म ८० माइल– सगरमाथा सव-डिभिजन ।

जनकपुर डिभिजन अन्तर्गत

(क) कमलादेखि आदावारसम्म ८० माइल– जनकपुर सव-डिभिजन ।

बुटवल डिभिजन अन्तर्गत

(क) नारायणीदेखि सुनवल सम्म ६० माइल– नवलपुर परासी सव-डिभिजन ।

(ख) सुनवलदेखि राप्तीसम्म ६० माइल– लुम्बिनी सव-डिभिजन ।

नेपालगञ्ज डिभिजन अन्तर्गत

(क) राप्तीदेखि खेरीसम्म ६० माइल- राप्ती सव–डिभिजन ।

(ख) खेरीदेखि कर्णालीसम्म ६० माइल– भेरि सव-डिभिजन ।

धनगढी डिभिजन अन्तर्गत

(क) कर्णालीदेखि महाकालीसम्म ८० माइल– महाकाली सव-डिभिजन ।

राजमार्गको निर्माणमा शिथीलता न आओस् र काम द्रुतगतिले यथाशीघ्र सम्पन्न होस् भन्ने उद्देश्यले

श्री ५ महाराजाधिराजबाट मौसूफ स्वयंको अध्यक्षतामा अधिराज्यका सबै अञ्चलहरूको प्रतिनिधित्व हुने गरी "पूर्व–पश्चिम राजमार्ग केन्द्रीय निर्माण समिति" पनि गठन गरिबक्सेको छ। राजमार्गको आवश्यकता, अनिवार्यता महत्त्व र लाभ सबै देशवासीहरूमा पूर्णतया वोध होस् र निर्माणकार्यमा सबैको यथाधिक सामुहिक सहयोग प्राप्त हुनसकोस् भनेर निर्माण, सञ्चार तथा यातायात सहायक मन्त्री श्री केदारमान "व्यथित" को अध्यक्षतामा "पूर्व–पश्चिम राजमार्ग केन्द्रीय प्रचार उप–समिति" पनि गठन भएको छ। समितिले आफ्नो लक्ष्यप्राप्तिका निमित्त अन्य कतिपय कुराहरूका अतिरिक्त एक मासिक पत्रिका पनि प्रकाशित गर्ने भएको छ।

यसप्रकार हाम्रो अधिराज्यको चतुर्दिक ठोस प्रगतिका लागि मेरुदण्ड समान यो "पूर्व–पश्चिम राजमार्ग" को निर्माण जति सक्यो चाँडो सम्पन्न हुन्छ, उति छिटो हामी शिक्षा, स्वास्थ्य, उद्योगधन्धा, व्यापार आदि सबै क्षेत्रहरूमा योजनावद्ध विकासकार्यहरू तीव्रगतिले सञ्चालन गरी निर्धारित समयमा सम्पन्न गर्न समर्थ हुनेछौं र सुन्दर, समुज्ज्वल, समुन्नत भविष्यका निमित्त विशाल द्वारहरू भकाभक खुल्ने

छन् । अर्थात् यो राजमार्ग बनी तयार भएपछि कुनै क्षेत्रलाई पनि सर्वाङ्गीण विकसित तुल्याउन हामीलाई कत्ति गारो पर्दैन जसको संक्षिप्त चर्चा तल गरिन्छ:–

**शैक्षिक विकास**

कुनै पनि देशको समुन्नतिका लागि देशभर व्यापक शिक्षाप्रचार अनिवार्य हुन्छ । शिक्षाबिना जनतामा चेतनशीलता एवं जागृति आउन सक्तैन । शिक्षाले नै राष्ट्रिय भावना–एकता देशवासीहरूमा जगाउँछ । कर्त्तव्य–अकर्त्तव्यको खयाल, कानूनको मर्यादा, उत्तरदायित्व तथा अनुशासनको पालन पनि शिक्षित व्यक्तिहरूले नै गर्दछन्, गर्न सक्दछन् । अन्धपरम्परा एवं अन्धविश्वासको जरो पनि शिक्षाले नै उखेलिदिन्छ । तसर्थ देशोन्नयनमा शिक्षाको ठूलो महत्त्व छ, रहन्छ ।

शिक्षाको महत्त्वमा प्रकाश पारिबक्सँदै श्री ५ महाराजाधिराजबाट हुकूम भएको छ:–

**"शिक्षा नै हरेक उन्नतिको मुहान हो ।"**

**"असल शिक्षाको व्यापक प्रचारबिना मुलुकमा सच्चा उन्नति हुन सक्तैन ।"**

**"देशोन्नतिको पहिलो खँदिलो कदम जनतामा अनुशासित शिक्षा प्रचार नै हो ।"**

यो राजमार्ग बनेपछि हामीलाई देशव्यापी रूपमा शिक्षाको प्रचार, प्रसारकार्यमा कुनै गारो हुनेछैन। देशभर आवश्यकतानुसार प्राथमिक, माध्यमिक तथा हाइस्कूलहरू र कलेजहरूको स्थापना गरी जनतालाई सुशिक्षित पार्न सहजै सक्नेछौं। शिक्षालयहरूको अभाव र यातायातको कठिनाइले गर्दा विदेशतर्फ शिक्षा प्राप्त गर्न जाने अवस्था अनि कसैलाई पर्ने छैन। आर्थिक स्थिति कमजोर भएकाहरूले पनि आफ्नै देशमा सजिलैसंग शिक्षा हासिल गर्न सक्नेछन्।

**स्वास्थ्य विकास**

मनुष्यको व्यक्तिगत जीवनमा मात्र होइन, देशोन्नतिमा पनि सुस्वास्थ्यको सर्वोपरि स्थान छ। मानिस स्वस्थ–निरोगी भएन भने केही काम पनि गर्न सक्तैन। उसको जीवन मरेतुल्य हुन्छ।

देशको महान् बल नै देशवासीहरूको सामर्थ्य भएकोले उनीहरू रोगी भए भने देशको बल नै कमजोर हुन्छ। स्वस्थ्य जनबल नै देशको सुसंगठित शक्ति हो। अतएव जनस्वास्थ्यको संवर्द्धन गर्नु सरकारको प्रमुख कर्त्तव्य हो।

देशको विकासमा जनस्वास्थ्यको महत्त्वको चर्चा

गरिबवसँदै श्री ५ महाराजाधिराजबाट हुकूम भएको छः–

**"जनसाधारणको प्रवल स्वास्थ्य नै देशोन्नतिको जग हो ।"**

**"स्वास्थ्य नै मानवको व्यक्तिगत वा राष्ट्रिय उत्थानको लागि नभई नहुने मूल धन पनि हो ।"**

आवश्यक पौष्टिक आहारको अभावमा प्रायः मानिसहरूलाई विभिन्न रोगहरू लाग्दछन् । रोग लागेपछि समयमै औषधि गरेन भने सानो रोग पनि भयंकर हुन्छ र सके मानिस मरिनै हाल्ला नभए पनि जीर्ण रोगी हुन्छ । तसर्थ जनतालाई स्वस्थ्य राख्नका लागि ठाउँ ठाउँमा अस्पताल–स्वास्थ्य केन्द्रहरू आवश्यक हुन्छन् ।

आज हाम्रो देशका कतिपय ठाउँहरूमा मानिसहरू अन्धविश्वासमा डुबेका छन् । जस्तोसुकै रोग लागे पनि उनीहरू झारफुके लगाउँछन् । फलस्वरूप भयंकर रोग लागेकाहरू मरिहाल्छन् र अरू चाहिं जीर्ण रोगी भइरहन्छन् । समयमै रोग अनुसारको औषधि पु-याइदिन सकेमा उनीहरूलाई अकालमा मर्नु पर्ने पनि थिएन र रोगी जीवन व्यतित गर्नु पर्ने पनि थिएन औ मृत्युसंख्या प्रशस्त मात्रामा घट्ने थियो ।

यस किसिमको स्थिति पनि "पूर्व–पश्चिम राजमार्ग" बनेपछि हाम्रो देशबाट सदाको लागि अन्त हुनेछ र स्वस्थ जनबल देशलाई प्राप्त हुनेछ, किनकि त्यस बखत हामी देशभर औषधालयहरू स्थापना गरी समयमै आवश्यकतानुसार ठाउँ-ठाउँमा डाक्टर, वैद्यहरू र ओखतीहरू पुऱ्याई जनतालाई स्वस्थ राख्नु सक्नेछौं ।

**औद्योगिक विकास**

**"उद्योग नै देशको उन्नतिको मार्ग हो भन्नु बढ्ता हुँदैन ।"**

**"नेपालको बढ्दो जनसंख्या र सीमित क्षेत्रफलको खयाल गर्दा नेपालीहरूको जीवनस्तर उँचो तुल्याउनलाई ठूलो जोश र दृढ संकल्पका साथ देशको औद्योगीकरण नगरी सुख छैन ।"**

**"कृषिको उत्पादनशीलता बढाएर नै हामीले औद्योगीकरणको निमित्त चाहिने पूंजीको संकलन गर्नु परेको छ ।"**

देशका विभिन्न उद्योगधन्धाहरूको समुचित विकास नभई कुनै देश स्वावलम्बी हुन सक्तैन र जनताको जीवनस्तर माथि उक्लन सक्तैन । यो कुरा

श्री ५ महाराजाधिराजबाट व्यक्त गरिबक्सेका उक्त महान् वाणीहरूबाट स्पष्ट हुन्छ ।

उद्योगधन्धाहरूको निमित्त सर्वप्रथम अत्यावश्यक चीजहरू हुन्– कच्चा पदार्थहरू, जुन हाम्रो देशमा प्रशस्त छन् । तर, त्यसपछि आवश्यक कल-कारखानाहरू राम्रो बाटो–घाटोहरूको अभावले गर्दा हामीले ठाउँ ठाउँमा खोल्न नसकेको र कच्चा पदार्थहरू पर्याप्त मात्रामा कल-कारखानाहरू भएका ठाउँहरूमा पुऱ्याउन नसकेको हुँदा हाल हाम्रो देशमा औद्योगिक विकास उति मात्रामा हुन सकेको छैन ।

यो राजमार्ग बनी तयार भएपछि देशका विभिन्न ठाउँहरूमा आवश्यक कल–कारखानाहरू खोल्न सुबिधा हुने हुँदा हाम्रो देशमा यो क्षेत्र पनि राम्ररी विकसित हुनेछ । कल-कारखानाहरूबाट उत्पादित वस्तुहरू पनि सजिलैसंग विभिन्न स्थानहरूमा उपभोगको निमित्त पठाउन र विदेशमा निकासी गर्न पनि सक्नेछौं । यसरी औद्योगिक क्षेत्रलाई विकसित बनाएर देशभर आफ्नो उद्योगका मालसामानहरू फिंजाई सबैलाई सुलभ तुल्याउन र विदेश निकासी समेत गर्न थालेपछि मुलुकको व्यापार बढ्नुका साथै आय पनि

प्रशस्त बढ्न जान्छ र मुलुक क्रमशः स्वावलम्बी हुँदै जान सक्दछ ।

## आर्थिक विकास

जुनसुकै काम गर्न पनि धनको आवश्यकता पर्दछ । कल-कारखानाहरू खोल्न पऱ्यो पैसै चाहिन्छ, स्कूल कलेजहरू स्थापना गर्नु पऱ्यो पैसै चाहिन्छ, अपस्ताल, स्वास्थ्य केन्द्रहरूको व्यवस्था गर्नु पऱ्यो पैसै चाहिन्छ । यसर्थ हामीले विभिन्न विकासकार्य-हरूका निमित्त अर्थको व्यवस्था गर्नु नितान्त आवश्यक छ । पैसा नभई केही काम हुँदैन । यो राजमार्गले यस दिशामा पनि हामीलाई पर्याप्त बल दिनेछ ।

आजसम्म देशका प्रत्येक भागमा पुग्ने हाम्रो कुनै बाटो छैन । त्यसो हुँदा ठाउँ-ठाउँमा प्रशस्त कृषि-उत्पादन भए तापनि आवश्यक ठाउँमा हामी सो उत्पादन पुऱ्याउन सक्तैनौं र अभावको ठाउँमा अभावै रहन्छ र पर्याप्त भएको ठाउँबाट सस्तो मोलमा विदेशमा बेचिन्छ । अनि तिनै चीज-बीजहरू फेरि हामीले बढ्ता मोल तिरेर विदेशबाट झिकाई खानु पर्दछ । धनकुटा र पोखरामा प्रशस्त सुन्ताला पाइन्छ भन्ने कुरा अन्य क्षेत्रका जनताको लागि "ल्हासामा

प्रशस्त सून पाइन्छ" भन्ने पुरानो आहान जस्तै भइरहेछ ।

**परन्तु,**

यो राजमार्गको निर्माणले हाम्रो आर्थिक विकासको ढोका पूर्णतया खुल्नेछ । बाटो बनेपछि हामी प्रशस्त उत्पादन भएका ठाउँहरूबाट आवश्यक विभिन्न उब्जनीहरू अभाव क्षेत्रहरूमा सहजै ल्याउन सक्नेछौं । अनि हामीलाई सस्तो मूल्यमा कुनै चीज-बीज विदेशमा बेच्नु पर्ने र पुन: सोही चीज बढी मूल्यमा किनेर खानु पर्ने स्थिति पर्नेछैन । बढी भएका चीज-बीजहरू उचित मूल्यमा बेच्ने छौं, पैसा बटुल्नेछौं र पेटभर खानेछौं ।

त्यस्तै देशका विभिन्न भागहरूमा विस्तार गरिएका उद्योगधन्धाहरूद्वारा पनि प्रशस्त वस्तुहरू उत्पादित हुनेछन् र अनि हामी आफ्नो देशलाई चाहिने छुट्याएर बाँकी उचित मोलमा विदेशमा बेच्न पाउनेछौं । सस्तो मोलमा बेच्नु पर्ने मजबूरी हामीलाई हुनेछैन । यस प्रकार हाम्रो आर्थिक विकासमा पनि निकै गतिशीलता आउनेछ र हामीलाई आत्मनिर्भर हुन पर्याप्त मद्दत मिल्नेछ ।

**व्यापारिक विकास**

माथि चर्चा गरिए झैं स्वदेशमा उत्पादित वस्तुहरू– औद्योगिक तथा कृषिउत्पादनहरू– देशभर फिंजाई विदेशमा समेत निकासी गर्न सक्ने स्थिति देशमा आएपछि दिनानुदिन व्यापारिक विकास पनि हुँदै जाने कुरा स्वतः सिद्ध छ ।

यसका अतिरिक्त देशले कतिपय विभिन्न कच्चा पदार्थहरू एवं जडीबूटीहरू पनि विदेशमा विक्री गर्ने सुबिधा पाउने छ ।

**विविध क्षेत्रको विकास**

उक्त कुराहरूका अतिरिक्त देशमा हुलाक व्यवस्था, धार्मिक एकता, संस्कृति, जनतामा पारस्परिक सुसम्बन्ध– मयालु सम्पर्क, उपयुक्त विचार–विमर्श, स्वच्छ – स्वस्थ एवं सवल राष्ट्रिय भावना ......... आदिको समुचित विकासमा पनि यो "पूर्व-पश्चिम राजमार्ग" अद्वितीय सिद्ध हुनेछ । साथै देशबाट अन्धविश्वास, अन्धपरम्परा एवं रुढिवादीको पनि उन्मूलन गरी यस राजमार्गले अधिराज्यमा स्वस्थ, आधुनिक युगानुकूल समाजको स्थापना गर्नेछ ।

**देशोन्नयन तथा जनकल्याणप्रति गहिरो अभिव्यक्ति**

यसप्रकार देशको सर्वाङ्गीण समुन्नतिका निमित्त यो "मेची- महकाली" बाटोको निर्माणका लागि आह्वान गरिबक्सेर मातृभूमिका सपुत राष्ट्रनेता श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको यातायातको इतिहासमा एक नयाँ युग ल्याइबक्सेको छ । यो शाही आह्वान देशोन्नयन तथा जनकल्याणप्रति मौसूफको गहिरो अभिव्यक्ति हो । यस कुरालाई देशवासीहरूले राम्ररी हृदयङ्गम गर्नु पर्दछ, गरेका पनि छन् ।

**जनशक्तिमा विश्वास**

यो राजमार्गको निर्माणमा जनतामा उर्लिएको जोश, उत्साह, उमंग र उल्लास देखिबक्सेर श्री ५ महाराजाधिराजबाट एक पटक हुकूम भएको थियो:—

**"पूर्व—पश्चिम राजमार्गको आवश्यकता महसूस गरी हाम्रो जनशक्तिको विश्वासमा केही महीना पहिले नेपाली जनतालाई यो बाटो बनाउन मैले आह्वान गरेथें । यस सम्बन्धमा प्राप्त भएको प्रतिक्रियाले नेपाली जनताको देशको लागि काम गरौं भन्ने भावनामा मेरो विश्वास झन् बढेको छ । एक**

**करोड नेपालीको सहयोग प्राप्त भएमा यस देशमा हुन नसक्ने काम केही छैन ।"**

श्री ५ को यस महान् वाणीबाट जनतामा मौसूफको कति विश्वास रहेछ भन्ने कुरा स्पष्ट हुन्छ; नत्र मौसूफबाट केवल जनशक्तिको विश्वासमा त्यत्रो महान् कार्यको लागि जनतालाई कहिल्यै आह्वान गरिबक्सिदैनथ्यो ।

**सुयोग्य राष्ट्रिय नेता**

श्री ५ महाराजाधिराज सरकार हाम्रो देशका सर्वोच्च शासक मात्र होइन, अपितु एक सुयोग्य महान् राष्ट्रिय नेता पनि होइबक्सन्छ । हाम्रो देशले नेता खोज्दाखोज्दै प्रजातन्त्रको दश वर्ष पनि त्यसै बितायो । आज हामी मौसूफको निर्मल नेतृत्व, सुयोग्य निर्देशन एवं सुकिलो पथप्रदर्शनमा धमाधम उन्नतिको शिखर उक्लँदैछौं । यो नेपाली मात्रको अहोभाग्य हो ।

**देश र जनहित नै एकमात्र लक्ष्य–स्वार्थ**

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव वयस्क अवस्थादेखि नै देश तथा जनहितका लागि प्रतिपल प्रयत्नशील होइबक्सन्थ्यो । यो कुरा २००७ सालमा स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवबाट प्रजातन्त्रको लागि संघर्ष गरिबक्सँदा मौसूफबाट पनि

आफ्नो हकको राजगद्दीको बाजी लगाइबक्सी तथा भविष्यमा ज्यानको समेत जोखिम उठाइबक्सेर मौसूफ बुबाज्यूको साथ बक्सिएकोबाट छर्लङ्ग हुन्छ । त्यसपछि मौसूफबाट देश र जनहितका लागि आजसम्म उठाइबक्सेका विभिन्न कदमहरू पनि सबै सामु छन् । देशको चतुर्दिक प्रगति र जनताको भलाइ नै सदैव मौसूफको एक मात्र लक्ष्य एवं स्वार्थ रही आएको छ भन्ने कुरा तल दिइएका केही महान् वाणीहरूबाट सबैलाई स्पष्ट हुन्छः–

**"मेरा पनि केही कर्त्तव्यहरू छन् । ती हुन्– देश तथा जनहित कार्यहरूको संरक्षा गर्नु । यदि यसमा कुनै किसिमको सच्चा बाधा आइपर्छ भने त्यस बेला जहिलेसुकै जेसुकै र जे गर्न पनि म कदापि पछिहट्ने छैन, जसको लागि म प्रत्येक नेपाली मात्रको सहयोग मात्र संधै चाहन्छु । यसमा फरक पर्नेछैन ।**

**"म आफ्नो त्रुटिलाई स्वीकार गर्न लाज मान्दिन, यदि त्यो त्रुटि नै रहेछ भने; किनकि मेरो स्वार्थ छ भने देश र जनताको भलाइ नै हो । अरू मेरो ढाकछोप केही छैन ।"**

**"जनता र देशको सुख र उन्नति नै मेरो जीवनको एकमात्र लक्ष्य भएकोले देशभक्तिले प्रेरित तर व्यक्ति-**

गत स्वार्थरहित भई सबै प्रकारको ठोस आलोचना र छलफल सबैले खुला दिलले गरून् ।"

"मलाई कुनै राजनीतिक दलसंग केही द्वेषको भावना छैन, न मलाई कुनै राजनीतिक नेताको पक्ष नै गर्ने काम छ । विभिन्न राजनीतिक दलमा काम गरेका र राष्ट्रिय दृष्टिकोण अपनाई आजको व्यवस्थामा मलाई सहयोग गर्नेहरूलाई मैले विश्वासपूर्वक जिम्मेवारी सुम्पिएको छु र सुम्पनेछु । नेपालको लागि काम गरौं भन्ने सबै नेपाली आजको व्यवस्थाका हितैषी हुन् र तिनीहरूको सहयोग सदा अपेक्षित छ ।"

"यदि एक करोड जनता कसैमा ममाथि विश्वास छैन, मेरो निर्देशन गलत छ, यो व्यवस्था हामी सबैको लागि अहितकर छ भन्ने लागेको छ भने निःसंकोच खुला दिलले भन, आऊ, मिलीजुली छलफल गरौं, म तयार छु; नत्रभने बितेका दिनहरू हाम्रो सामु छन्, दश वर्षको अनुभव हाम्रै अगाडि छ । आजसम्म प्रत्येक नेपालीको सदिच्छाले मलाई कुनै कुरामा दाँत गाड्नु परेको छैन ।"

"मलाई झूठ प्रचार चाहिंदैन । मलाई नेतृत्वको लोभ छैन । म ता खालि इमान्दारीसाथ देश र देशवासी सप्रेको, फले-फुलेको देख्न चाहन्छु ।"

"धनी–गरीब सबै प्रजा सबै तरहले खुशी होऊन् भन्ने नै मेरो एकमात्र ध्येय र लक्ष्य छ, एवं सदासर्वदा देश र देशवासीकै लागि जीउ–ज्यान दिन सकुँ भन्ने नै मेरो परमेश्वरसंग एकमात्र पुकारा छ।"

**जनताको परम कर्त्तव्य–धर्म**

यसप्रकार देश र जनकल्याण नै एकमात्र ध्येय र लक्ष्यलिई पलपल चिन्तनशील श्री ५ महाराजाधिराजबाट जनशक्तिको विश्वासमा यो राजमार्ग निर्माणका लागि आह्वान गरिबक्सेकोले मौसूफको विश्वासमा आँच आउन नदिई प्रत्येक देशवासीले आ–आफ्नो गच्छे अनुसार सक्नेले धेरै नसक्नेले थोरै आर्थिक सहायता समेत र सक्तै नसक्नेले तन, मन एवं श्रमदान दिई यथाशक्य चाँडो यो निर्माण-कार्यलाई सम्पन्न गर्न संलग्न हुनु एक एक नेपालीको महान् कर्त्तव्य हो। हुन त अहिले पनि जनताले आफ्नो कर्त्तव्यको ख्याल गरी यस काममा योगदान नदिएका होइनन्, दिइरहेका छन् तापनि यस राजमार्गको महत्त्व, लाभ, आवश्यकता तथा अनिवार्यतालाई अझ राम्ररी महसूस गरेर आफ्नो योगदान–सहायता–सहयोगलाई सबैले सकेसम्म धेरैले गुन्नु परेको छ किनभने यसको समाप्तिमा देश र हाम्रो रसिलो भाग्य निहित

छ, भोक अनिकालमाथि विजय छ, अन्धविश्वास-अन्धपरम्परा-संकीर्णता-प्रादेशिकताको अन्त्य छ र सुख-शान्ति-समृद्धि-समुन्नति तथा विकास तर्फका कदमहरू खँदिला-दरिला हुनेछन् । यस्तो सुनौला मौकामा पनि हामीले यो राजमार्गको निर्माणमा एक भई जुटेर हातेमालो गरी सक्दो योगदान दिएनौं भने हामी आफ्नो कर्त्तव्यपथबाट च्यूत हुनेछौं, हाम्रो भविष्य सदाको लागि अन्धकारपूर्ण हुनेछ, हाम्रा भावी सन्तानले हामीलाई सराप्ने छन्- धिक्कार्ने छन् र हाम्रो देश विकासको दिशाबाट कोल्टे फर्कंदै जानेछ, हामी भास्सिंदै जानेछौं, गाडिदै जानेछौं ।

**आधुनिक विश्व र नेपाल**

आधुनिक विश्वमा हाम्रो देश निकै धेरै पछाडि छ । अगाडि लाग्नु त परै रहोस्, साथैलाग्न पनि हामी-लाई विकासको बाटोमा बहुतै लामो यात्रा गर्नुछ । यसर्थ जतिसुकै काम गरे तापनि हामीलाई थोरै नै हुन्छ। त्यसमा पनि झन् कामै गरेनौं या गरे पनि थोरै गऱ्यौं भने त हाम्रो स्थिति-गति के कस्तो होला! जो कोहीले पनि सजिलैसंग अन्दाज गर्न सक्छ । युगको साथसाथै अघि बढ्न नक्सदा आज हाम्रो यो हालत छ । अब पनि प्रगतिको गतिमा शिथिलता आयो, हामी हात

बाँधेर बस्यौं भने प्रतिपल हामी झन् झन् पछाडि पर्दै जानेछौं। अनि त हामीलाई भेट्टाउन नै पनि असंभव हुनेछ ।

आज विश्वमा विज्ञानको गति प्रतिदिन तीव्र हुँदै गइरहेको छ । पृथ्वीको परिक्रमा मामूली भइसक्यो, भू–उपग्रह, रकेटहरू उडानको त कुरै छोडिदेऔं, दुइ तीन वर्षभित्रमा मानिसहरू चन्द्रमामा गई घरजम गरेर बस्ने प्रयत्नमा छन् । मंगलग्रहमा जाने कार्यक्रम पनि समाप्त प्राय: छ । तर हामी भने आफ्नै देशको पनि एक भागबाट अर्को भागमा बिनाकष्ट भोगी जान सक्तैनौं । यो कति खेद, दु:ख र लाजमर्नु कुरा हो । आधुनिक विश्वमा अघिलाग्न नसके पनि कमसेकम हामीले संगसंगैसम्म त जान सक्नु पर्दछ । संगै जानलाई ठूलठूला योजनाहरू बनाएर, लामलामो भाषण गरेर, अनेक नाराहरू लगाएर र इच्छा गरेर मात्र सकिन्न, त्यसका लागि सकेसम्म धेरै विभिन्न विकासकार्यहरूको सुसंचालन गरी सामूहिक सहयोगद्वारा ती कार्यहरूलाई छिटोछिटो समाप्त गर्नु पर्दछ। यो कुरा सुगम यातायातको अभावमा संभव छैन ।

**नेपालको भाग्य–रेखा**

अतएव,

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएका "परस्परमा साना–साना कुराको लागि वा नक्कली नारा र आशाको लागि झगडा गर्ने, जन-शक्तिको अपव्यय गर्ने अवसर अहिले छैन । अहिले नेपाललाई खालि राष्ट्रिय एकताको आवश्यकता छ ताकि हामी सबैको सहयोगद्वारा हामीले कल्पना गरेको "आदर्श नेपाल" फल्न सकोस्............" "हामी नेपालीको यो देश अब अर्काको भर मात्र गरेर वा पछि परेर बस्न सक्तैन ......" भन्ने महान्‌वाणी-हरूलाई हृदयतः मनन गरेर नेपालीहरूको पवित्र परिश्रम र पसिनाले बन्न लागेको देशको सर्वतोमुखी विकासलाई अंगाल्ने समुज्ज्वल भविष्यको परिकल्पना मात्र होइन, वास्तविकता नै आधारित नेपालको भाग्य-रेखास्वरूप मेची–महाकालीलाई जोड्ने यो मूलबाटोको निर्माणमा ठूलो उत्साह, महान् उल्लास, असीम उमंग र जुर्मुराउँदो जाँगर एवं जोशका साथ लगनशील भएर सकेसम्म चाँडो कार्य पूरा गर्नु एक एक सच्चा नेपालीको परम कर्त्तव्य मात्र होइन, महान् धर्म पनि हो ।

## उच्च श्रादर्श

श्राफ्नो कर्त्तव्य तथा धर्मपालनमा नेपालीहरू श्रडिग छन् । उनीहरू कहिल्यै कर्त्तव्यच्यूत भएको इतिहासमा पाइँदैन । कर्त्तव्यको लागि सदैव ज्यान हत्केलामा लिएर हिंड्ने जाति हो यो । तसर्थ श्राज पनि हट्ने छैनन्, हटेका पनि छैनन् र यस क्षेत्रमा पनि नेपाली वीरताको परिचय विश्वलाई दिनेछन् । साथै कुनै पनि देशको वास्तविक विकास त्यसै देशका देशवासीहरूको हातमा छ भन्ने उच्च श्रादर्श पनि यो राजमार्गको निर्माण गरेर नेपालीहरूले सबैको सामु स्पष्ट गरिदिनेछन् । यो श्रादर्श समस्त विश्वको लागि नै पूर्ण श्रनुकरणीय, प्रेरणादायक र लाभप्रद हुनेछ

**नेपाललाई झलमल्ल पारी**
**उद्योगका द्वारहरू खुलाई**
**फुटाउने उन्नतिको मुहान**
**यो मूल बाटो रसिलो 'बिहान'**

**समाप्तिमा नै यसको, सुकीलो**
**भविष्य हाम्रो छ सदा छवीलो**

बुझी यही तथ्य सबै मिलेर
चाँडो सङ्गालौं सहयोग धेर

जुटौं, भिडौं, यत्न गरौं मिलेर
फुकौं यथाशक्य पूंजी झिकेर
निर्माण सम्पन्न गरौं डटेर
यही छ कर्त्तव्य र धर्म हेर ।

—:समाप्त:—

o

श्री ५ को सरकार
पञ्चायत मन्त्रालय
प्रचार विभाग

मुद्रक:- श्री ५ को सरकारको छापाखाना